# श्री गर्भारी सामुदायिक वन उपभोक्ता समूह
## बागमती-१, मकवानपुर

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बधी सूचना**
**प्रथम पटक सूचना प्रकाशन मितिः२०८२/१२/२६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.ब.२०८१।०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको लट नं. १ को तपशिल अनुसारको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो दोश्रो पटक सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएका डिभिजन वन कार्यालयमा वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत एवं अद्यावधिक भएका काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योगले यो सूचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ ।

**तपसिल**

**१. वन पैदावारको विवरण-**

| क्र.सं. | लट नं. | जात | किसिम | ग्रेड | गो. थान | परिमाण क्यूफिट | दररेट | न्यूनत्तम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | साल | गोलिया | A | १ | १४.९७ | १२५०।०० | १८७१२।५० | आ.ब.०८१। ८२ मा उत्पादन भएको । |
| २ | | साल | गोलिया | B | ६ | ४७.४८ | ९००।०० | ४२७३२।०० | |
| ३ | | साल | गोलिया | C | १७ | ७७.३८ | ६००।०० | ४६४२८।०० | |
| ४ | | साल | गोलिया | D | ६ | २६.४७ | ३००।०० | ७९४१।०० | |
| ५ | | असना | गोलिया | B | ५ | ५०.२३ | ३००।०० | १५०६९।०० | |
| ६ | | असना | गोलिया | C | २ | १३.७७ | १००।०० | १३७७।०० | |
| | | जम्मा | | | ३७ | २३०.३० | | १३२२५९।५० | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :
   क) बोलपत्र खरिद गर्ने अन्तिम मिति २०८३/१/१० गते, समयः दिनको ५:०० बजेसम्म ।
   ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८३/१/११ गते, समयः दिनको १२:०० बजेसम्म ।
   ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद तथा दाखिला गर्न सकिने छ ।

३. बोलपत्र डिभिजन वन कार्यालय मकवानपुर र यस समूहको कार्यालयबाट खरिद र दाखिला गर्न सकिनेछ ।

४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समूहको कृषि विकास बैंक लिमिटेड मा रहेको चल्ती.खाता नं. ०५०८३०५७३१०३८०१६ मा नगद जम्मा गरेको सक्कलै भौचर वा कम्तिमा ६ महिनाको बैंक जमानत समावेश हुनुपर्नेछ ।

५. बोलपत्र फारम दस्तुर लट नं. १ को प्रति लट रु.१०००।०० (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, मकवानपुरबाट खरिद गर्न सकिने छ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समूहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७..लिलाममा भाग लिन इच्छुक उद्योगको रुपमा दर्ता तथा नविकरण भएका काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योगका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN No) दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा डिभिजन वन कार्यालयमा सूचीकृत तथा अद्यावधिक भएको प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नुपर्नेछ । बोलपत्र खरिद तथा दाखिला उद्योगको प्रोपाइटर वा निजले तोकेको आधिकारिक व्यक्तिले गर्नुपर्नेछ ।

८. निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८३/१/११ गते दिनको ३:०० बजे साक्षीहरूको रोहबरमा खोलिनेछ । सो दिन सार्वजनिक विदा परे कार्यालय खुल्ने पहिलो दिन खोलिनेछ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएपछि सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानुपर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस समूहको कार्य समितिमा निहित रहने छ ।

Scanned with CamScanner